कोशी प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

विराटनगर, नेपाल

## प्रेस विज्ञप्ति

आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश, विराटनगर र कर्मचारी संचय कोष बीच योगदानमूलक निवृत्तभरण कोष (स्थापना तथा सञ्चालन) ऐन, २०८२ बमोजिम आज प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीको योगदानमुलक निवृत्तभरण कोष सञ्चालन तथा व्यवस्थापनको समझदारी पत्रमा हस्ताक्षर गर्ने कार्य सम्पन्न भएको छ। हस्ताक्षर गर्ने कार्यक्रममा माननीय आर्थिक मामिला तथा योजना मन्त्री विदुर कुमार लिङ्गथेपको प्रमुख आतित्थ्यता रहेको थियो। समझदारी पत्रमा आर्थिक मामिला तथा योजना मन्त्रालयको तर्फबाट प्रदेश सचिव श्री कोशहरि निरौला र कर्मचारी संचय कोषको तर्फबाट प्रशासक श्री जितेन्द्र धितालले हस्ताक्षर गर्नुभएको छ। सम्झौता पछि कोशी प्रदेश र कोशी प्रदेश भरका १३७ वटै पालिकामा २०७६ श्रावण १ गते पश्चात स्थायी नियूक्त भएका प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीहरुको निवृत्तभरणको लागि सुनिश्चितताको आधार तयार भएको छ।

मिति २०८२।१०।०७

सुसिल बास्तोला
प्रवक्ता

Website: moeap.koshi.gov.np E-mail: info.moeap@p1.gov.np